# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
## २५औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २५औं वार्षिक साधारण सभा मिति २०७५।०२।०८ (तदनुसार मे २२, २०१८) मंगलवार दिनको १०:०० बजे बबरमहल, काठमाण्डौ स्थित कार्की ब्याङक्वेटमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, पर्यवेक्षक तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २५औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

२५औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीको लागि मिति २०७५।१।११ र मिति २०७५।१।१२ मा क्रमश: नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो । साथै, सो संक्षिप्त आर्थिक विवरणकम्पनीको रजिष्टर्ड कार्यालय, वुद्धनगर, वानेश्वर तथा शेयर रजिष्ट्रार एनएमवी क्यापिटल लि., नागपोखरी, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो ।

२५औं वार्षिक साधारण सभाको सम्वन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री चण्डी प्रसाद श्रेष्ठ | संचालक |
| ५. श्री चिरन्जिवी चटौत | संचालक |
| ६. श्री दिवाकर वैद्य | स्वतन्त्र संचालक |
| ७. श्री विजय बहादुर श्रेष्ठ | वैकल्पिक संचालक |
| ८. श्री हरि व. बुढाथोकी | कम्पनी सचिव |

आ) **व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |

४. श्री टीकाराम भट्ट — भाईस प्रेसिडेण्ट, कर्पोरेट
५. श्री प्रकाश कुमार श्रेष्ठ — प्रमुख, उत्पादन
६. श्री रत्न संभाव शाक्य — मुख्य प्रवन्धक, वित्त

**इ) शेयरधनीहरु:**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये ५९१ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या |
|---|---|---|
| शेयर कित्ताका हिसावले उपस्थिति | २,२१,८६,७२० कित्ता | १,५५,८२,५७४ कित्ता |
| उपस्थित शेयरधनीहरु | ८४,५५० जना | ५९१ जना |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार विधिपूर्वक वार्षिक साधारण सभा वोलाइएको, सोही अनुसार शेयरधनीहरुलाई सभाको सूचना तथा जानकारीहरु दिइएको तथा सभा संचालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या समेत पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुले कम्पनीको २५औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक वोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

## (घ) प्रस्तावहरुको सूची:

कम्पनी सचिवले २५औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । साधारण सभाले छलफल तथा निर्णयको लागि स्वीकृत गरेको प्रस्तावहरुको सूची यसप्रकार थियो ।

(क) सामान्य प्रस्तावहरु:

(१) संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७३।०७४ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७४।७५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) कम्पनीको आ.व. २०७३।०७४ को खुद मुनाफावाट चुक्ता पूंजीको २०% (वीस प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।

(५) विविध ।

(ख) विशेष प्रस्ताव:

(६) कम्पनीका संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फवाट दुई संचालकहरुको प्रतिनिधित्व हुने गरी कम्पनीको नियमावलीको नियम १६(क)(ख)(ग) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

(ङ) **सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः**

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफल गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो ।

(१) **श्री अमृत नाथ रेग्मी:** कम्पनीले नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसार आ.व. २०७३।०७४ को वित्तिय विवरणहरु तयारी तथा प्रस्तुत गरेको, उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत गरे वापत निरन्तररुपमा अवार्ड प्राप्त गर्दै आएको र सफलतापूर्वक नयाँ निष्काशन सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो । कम्पनीले दश प्रतिशत नगद लाभांश र दश प्रतिशन बोनस शेयर दिएको भए सबै शेयरधनीहरुलाई राम्रो हुने र कम्पनीले आगामी ५ वर्षमा कुल १००० मेगावाट क्षमताका विभिन्न आयोजनाहरुको निर्माण आयोजनाहरुको निर्माण प्रारम्भ गर्ने लक्षसंग समेत मेल खाने थियो भन्ने विचार व्यक्त गर्नु भयो । साथै, संचालक समितिको संरचना सानो वनाउन, स्टोरेज प्रकृतिका आयोजना समेत छनौट गर्न तथा कम्पनीलाई होल्डिङ कम्पनीकोरुपमा विकास गर्नका लागि अध्ययन गरेर अघि वढ्न सुझाव दिनु भयो । कम्पनीको संचालन खर्च वढ्न गएको तर्फ स्पष्ट पार्नका लागि समेत अनुरोध गर्नु भयो ।

(२) **श्री उद्धव प्रसाद घिमिरे:** कम्पनीको कार्यसंपादन राम्रो देखिएकोमा सन्तोष व्यक्त गर्नु भयो । कम्पनीको बर्षिक प्रतिवेदन आउनका लागि केही ढिला भएको हुँदा अध्ययनको लागि पर्याप्त समय प्राप्त गर्न नसकेको र नगद लाभांश मात्र वितरणको प्रस्ताव आएको हुँदा नयाँ लगानीकर्तालाई यसले अवस्था पार्न नसकेको विचार व्यक्त गर्नु भयो । आगामी वर्ष देखी वार्षिक साधारण सभा छिट्टै सम्पन्न गर्न, संचालकहरुलाई दिइने भत्ताको शिर्षकमा पुनरावलोकन गर्न, संचालन खर्चमा ध्यान पुऱ्याउन तथा सातै प्रदेशमा कम्पनीले आयोजनाहरु निर्माणको लागि प्रयास गर्नु राम्रो हुने सुझाव प्रस्तुत गर्नु भयो ।

(३) **श्री दिवाकर खड्का:** कम्पनीले अर्को वर्षमा बोनस शेयर पनि जारी गर्ने तर्फ सोच वनाउनु अनुरोध गर्दै नयाँ निष्काशन गरिएका शेयरहरु प्रारम्भमानै सबै बिक्री हुन नसेको सम्वन्धमा संचालक समितिले केही समिक्षा गरेको भए सो जानकारी गराउनका लागि अनुरोध गर्नु भयो ।

(४) **श्री इन्द्र कृष्ण श्रेष्ठ:** कम्पनीलेसंक्षिप्त वार्षिक प्रतिवेदन नेपालीमा प्रकाशित गरेको हुँदा वृहद्रुपमा अंग्रेजी भाषमा थप अर्को वार्षिक प्रतिवेदन खासै आवश्यक नदेखिएको विचार व्यक्त गर्नु भयो । साथै, कम्पनीले नयाँ आयोजनाहरु थप गर्ने कार्य गरेको र सो सम्वन्धमा विभिन्न पत्रपत्रिकामा समेत समाचार आएको हुँदा ती आयोजनाहरुवाट कहिले देखी विद्युत उत्पादन हुने हो भन्ने सम्वन्धमा स्पष्ट पारीदिन अनुरोध गर्नु भयो ।

(५) **श्री चन्द्र नारायण श्रेष्ठ:** कम्पनीले नगद लाभांश मात्र दिने प्रस्ताव गरेको तर बोनस शेयर नआएको र बार्षिक प्रतिवेदन केही ढिला गरी आएको विचार व्यक्त गर्नु भयो । कम्पनीले वितरण गर्ने लाभांश छिटो वितरण गर्नका लागि प्रयास गर्नका लागि सुझाव दिंदै कम्पनीको उज्वल भविश्यको कामना गर्नु भयो ।

(६) **श्री दिनेश हुमगाईं:** कम्पनीको इतिहास लामो छ र नेपाल सरकार तथा निजी क्षेत्रका लव्धप्रतिष्ठित व्यावसायीहरुको समेत लगानी रहेको हुँदा त्यही विश्वासमा लगानी गरेको विचार व्यक्त गर्नु भयो । कम्पनीले समयमै नयाँ निष्काशन सम्पन्न गर्न सफल भएको हुँदा यसको उपयोगमा उचित ध्यान दिन अनुरोध गर्नु भयो । साथै, कम्पनीले नगद लाभांश मात्र वितरण गर्ने प्रस्ताव ल्याएको र बोनस शेयरको प्रस्ताव नगरिएको हुँदा शेयरधनीहरुलाई अन्याय महशुस भएको विचार व्यक्त गर्नु भयो । कम्पनीले निर्माण गरिने आयोजनाहरुको लागतका विषयमा जिज्ञासा राख्दै आगामी वर्षहरुमा बार्षिक साधारण सभा समयमै सम्पन्न गर्नका लागि सुझाव दिनु भयो ।

(७) **श्री रोज कुमार श्रेष्ठ:** कम्पनीको शेयरधनी हुन पाएकोमा आफुलाई गर्व लागेको, कावेली ए र न्यादी जलविद्युत आयोजनाहरुको निर्माण प्रारम्भ भएको तथा कम्पनीको आम्दानी समेत राम्रो रहेको विचार व्यक्त गर्नु भयो । आगामी ५ वर्षमा विभिन्न आयोजनाहरुको निर्माण प्रारम्भ गर्ने भनिएको भएपनि ती आयोजनाहरुको निर्माण सम्पन्न कहिले हुने भन्ने सम्वन्धमा स्पष्ट पार्नका लागि अनुरोध गर्दै कम्पनीको वार्षिक प्रतिवेदनमा वित्तिय अवस्थाका साथै वित्तिय सूचकहरु समेत उल्लेख गर्नका लागि सुझाव दिनु भयो ।

(८) **श्री डमरु बल्लभ घिमिरे:** कम्पनीको कार्यसंपादन तथा प्रगति राम्रो देखिएकोमा सन्तोष व्यक्त गर्नु भयो । नगद लाभांशका साथै बोनस सेयर आएको भए सबैलाई थप उत्साह मिल्ने थियो भन्ने विचार व्यक्त गर्नु भयो । कम्पनीको खर्चमा मितव्ययिता अपनाउन, नगद लाभांश यथासक्य छिटो वितरण गर्न तथा दशैं वा तिहार अघिनै बार्षिक साधारण सभा गर्न प्रयासरत् रहन सुझाव दिनु भयो ।

(९) **श्री सिव प्रसाद पौडेल:** कम्पनीले बोनस शेयर समेत दिने अपेक्षा रहेकोमा नगद लाभांश वितरणको मात्र प्रस्ताव आएको हुँदा अपेक्षा अनुसार नभएको विचार व्यक्त गर्नु भयो । आगामी वर्षका लागि नगद लाभांश तथा बोनस शेयर दुबै दिने गरी समयमै बार्षिक साधारण सभा गर्नका लागि सुझाव राख्नु भयो । साथै, सानो आकारको संचालक समितिको व्यवस्था गर्न एवं संचालकहरुको भत्ताको शिर्षकहरु पुनरावलोकन गर्नु उपयुक्त हुने सुझाव समेत राख्नु भयो ।

(१०) **श्री गुणराज भट्ट:** कम्पनीले नयाँ निष्काशन गरी पूँजी संकलन गरेको अवस्थामा नगद लाभांशको सट्टा बोनस शेयर मात्रै दिएको भए अझ राम्रो हुने थियो भन्ने विचार व्यक्त गर्नु भयो । अर्को वर्ष बोनस शेयर दिने सम्बन्धमा विचार गर्नका लागि आफ्नो सुझाव प्रस्तुत गर्नु भयो ।

(११) **श्री कृष्ण प्रसाद अधिकारी:** कम्पनीले नेपाल वित्तिय प्रतिवेदन मापदण्ड लागु गरेको, आई.एस.ओ.वाट प्रमाणिकरण भएको तथा बार्षिक प्रतिवेदन प्रस्तुतीकरणका लागि अवार्ड प्राप्त गरेकोमा खुसी व्यक्त गर्नु भयो । वार्षिक प्रतिवेदनको पूर्णपाठ नेपालीमा

आए अध्ययनका लागि अझ सहज हुने विचार व्यक्त गर्नु भयो । नगद लाभांश वितरणको प्रस्ताव मात्रै किन ल्याइएको र संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुमा एक जना महिला हुनु पर्ने प्रस्ताव किन गरिएको हो भन्ने सम्बन्धमा स्पष्ट पार्नका लागि अनुरोध गर्नु भयो ।

(१२) **श्री पुरुषोत्तम घोरासैनी:** कम्पनीको वित्तिय अवस्था तथा कार्यसंपादन राम्रो भएको विचार व्यक्त गर्दै नगद लाभांश नलिएर अर्को वर्ष बोनस शेयरनै जारी गर्नु उपयुक्त हुने विचार व्यक्त गर्नु भयो ।

(१३) **श्री नरसिंह लाल संखू:** कम्पनीको कार्यसंपादन राम्रो रहेको, लगानीकर्ताको लागि प्रतिफलमा ध्यान दिएको तथा सुशासनमा ध्यान दिएको हुँदा आगामी दिनमा थप विद्युत उत्पादन तथा बिक्री प्रवर्द्धन गर्न, कार्य क्षमतामा प्रगति गरी बजारमूखी व्यवस्थापनमा जोड दिन तथा कम्पनीको नीति तथा रणनीतिहरुलाई समयनुकुल परिमार्जन गर्दै कम्पनीलाई अघि बढाउनका लागि लिखित सुझाव दिनु भयो ।

छलफलमा भाग लिने शेयरधनीहरुले आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फबाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुलाई सभामा सक्रियरुपमा सहभागी भई व्यक्त गर्नु भएका विचार तथा सल्लाह सुझावका एवं कम्पनीको संचालक समिति प्रति देखाएको विश्वासका लागि धन्यवाद दिनु भयो । अध्यक्षज्यूले तथा उहाँको अनुमति लिएर प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

(१) शेयरधनीहरुले व्यक्त गर्नु भएका विचारहरुवाट यहाँहरुको अपेक्षाका विषयमा अझ गहिरोरुपमा बुझ्ने अवसर प्राप्त भयो । यसबाट संचालक समितिलाई आगामी दिनहरुमा निर्णय लिनका लागि थप मद्यत पुग्ने छ ।

(२) कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको छवीचित्र हो । सोच विचार पुऱ्याएर वार्षिक प्रतिवेदनमा कम्पनीका जानकारीकारीहरु उल्लेखि गरिएको छ । कम्पनीका विषयमा जान्न तथा बुझ्नका लागि पछि सम्मका लागि बार्षिक प्रतिवेदन सहायक हुनेछ । बार्षिक प्रतिवेदनलाई यथासक्य छिटो ल्याउनका लागि विगत देखी प्रयास गर्दै आइएको छ र आगामी वर्षहरुमा पनि सो प्रयासलाई निरन्तरता दिइने छ । कम्पनीको बार्षिक प्रतिवेदन तथा अन्य प्रकाशित सूचना तथा जानकारीहरु शेयरधनीहरुको सहज पहुँचको लागि कम्पनीको वेभ साईटमा राख्दै आइएको छ । शेयरधनीहरुले समेत नयाँ प्रविधिको उपयोग तर्फ प्रयास गर्न तथा घरमा बसी बसी सहजरुपमा प्रविधिको माध्यमवाट कम्पनीका विषयमा जानकारी हासिल गर्न सकिन व्यवस्था गरिएको छ । शेयरधनीहरुको सहजताका लागि संक्षिप्त बार्षिक प्रतिवेदन नेपाली भाषामा तयार गर्ने गरिएको छ । तर, यस कम्पनी प्राविधिक विषयसंग सम्बन्धी कम्पनी भएको हुँदा सो सम्वन्धमा पूर्ण बार्षिक प्रतिवेदनलाई प्रस्तुतीकरणको सहजता एवं विदेशी लगानीकर्ता, विदेशी साझेदार तथा वित्तिय लगानीकर्ताहरु समेतका लागि कम्पनीको समग्र अवस्थाका विषयमा जान्न बुझ्नका लागि मद्दत पुगोस् भन्नका लागि अंग्रेजी भाषामा तयार गर्दै आइएको छ । साथै, बार्षिक प्रतिवेदन तयार गर्दा दक्षिण एसियाली मापदण्ड समेतलाई ध्यानमा राखिएको छ ।

(३) कम्पनीले आफ्नो व्यवसाय संचालनमा पारदर्शिता कायम गर्ने नीतिनै अख्तियार गरेको छ र पारदर्शिताका लागि अधिकतम् प्रयास गरिएको छ ।

(४) कम्पनीले स्थिर लाभांश नीति अख्यितार गरेको सम्वन्धमा प्रतिवेदनमा समेत खुलाइएको छ । कम्पनीले निर्माण गर्दै गरेका आयोजनाहरु तथा शेयरधनीहरुको दिर्घकालिन हित समेतलाई ध्यानमा राखी नगद लाभांश वितरणको प्रस्ताव गरिएको हो । शेयरधनीहरुले बोनस शेयर पनि जारी गरिनु पर्ने भनी व्यक्त गर्नु भएको विचारलाई संचालक समितिले आगामी वर्ष समुचित ध्यान दिनेछ । नगद लाभांश वितरण कार्य छिट्टै प्रारम्भ गर्नका लागि कम्पनीले विगत देखी प्रयास गर्दै आएको छ र सदैव प्रयासरत् रहने छ । कम्पनी ऐनको व्यवस्था वमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्ने भएको हुंदा स्वीकृतिको प्रक्रियामा केही समय लाग्ने गरेको छ । नगद लाभांश वितरणको स्वीकृतिको लागि नेपाल सरकारका सम्वन्धित मन्त्रालयमा निवेदन तुरुन्त पेश गरिनेछ ।

(५) कम्पनीले संस्थागत सुशासनलाई ध्यान दिएको छ । यो विषय कम्पनीले आर्जन गर्ने नाफा तथा वितरण गरिने लाभांश जत्तिकै महत्व दिइएको छ । कम्पनीमा शेयरधनीहरुको लगानी सुरक्षित राखिएको छ र आगामी दिनहरुमा समेत शेयरधनीहरुको लगानीलाई सुरक्षित गर्दै कम्पनीलाई प्रगतिको पथमा अघि बढाइनेछ ।

(६) नयाँ निष्काशन अझ केही समय अघि ल्याउन कोशिष गरिएको थियो । केही समय ढिलाई भएपनि नयाँ निष्काशन सफलतापूर्वक सम्पन्न भएको छ । नयाँ निष्काशन गरिएका शेयरहरुको मुल्य निर्धारण धितोपत्र बोर्डले दिएको मापदण्ड अनुसार स्वतन्त्र मुल्यांकनकर्तावाट मुल्यांकन गराएर निर्धारण गरिएको हो । यसवाट प्राप्त भएको रकम कम्पनीले आयोजनाहरुमा लगानी गर्नेछ । व्यवस्थापनले लगानी सम्वन्धी योजना बनाएको छ र त्यसलाई समयनुकुल अद्यावधिक तथा परिमार्जन समेत गर्दै अघि बढ्ने छ ।

(७) कम्पनी प्रगतिको पथमा अघि बढिरहेको छ । नयाँ आयोजनाहरु प्राप्ती गर्ने, नयाँ विदेशी लगानीकर्ता साझेदारहरुसंग हातेमालो गरी अघि बढ्ने तथा लगानी जोखिमलाई मुल्यांकन गरी विभिन्न आयोजनाहरुमा कम्पनीको लगानीको हिस्सा निर्धारण गरी अघि बढ्ने कार्य भएको छ ।

(८) जलविद्युत आयोजनाहरुको लागत आयोजन अनुसार फरक फरक हुन्छ । मर्स्याङदी नदीमा वेसीन अवधारणामा चिनिया साझेदारहरुसंग मिलेर तीन आयोजनाहरु निर्माण गरिनेछ । हाल आयोजनाहरु प्राप्तीको चरणमा रहेको र सो आयोजना प्राप्तीको प्रक्रिया सम्पन्न भई ती आयोजनाहरुको जडित क्षमता तथा डिजाईन निर्क्योल भएपछि लगातका विषयमा भन्ने सकिनेछ । ती आयोजनाहरुको मध्य एक आयोजना आगामी वर्ष भित्र निर्माणमा जाने र अन्य आयोजनाहरु अर्को दुई वर्ष भित्र निर्माणमा जाने अपेक्षा गरिएको छ र निर्माण कार्य प्रारम्भ भएको तीन देखी पाँच वर्षको अवधी भित्र निर्माण सम्पन्न हुने अपेक्षा समेत रहेको छ । हाल निर्माणाधिन न्यादी जलविद्युत आयोजनाको लागत २००० अमेरिकी डलर प्रति कि.वा.को हाराहारीमा रहेको छ भने कावेली ए जलविद्युत आयोजनाको लागत सो भन्दा महङ्गो छ । तथापि, दुबै आयोजनाहरुको प्रतिफल राम्रो रहनेछ ।

(९) कम्पनीको संचालन खर्च तर्फ हेर्दा मितव्यायीतानै अपनाइएको छ । झिमरुक नदीमा गत वर्ष आएको बाढीको कारण मर्मत संभारको लागि गर्नु परेको अतिरिक्त खर्च तथा कर्मचारीहरुको तलव बृद्धिका कारण थप हुन आएको खर्चका कारण संचालन खर्च केही बढेको देखिएको छ ।

शेयरधनीहरुबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(च) **निर्णयहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

(१) साधारण सभा समक्ष प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७३।०७४ को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम बी.आर.एस. न्यौपाने एण्ड कम्पनीलाई कम्पनीको आ.व. २०७४।०७५ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ अनुसार आवश्यक पर्ने प्रमाणिकरण लगायतका कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको लागि निजको सेवा शूल्क रु ३,५०,०००.०० (तीन लाख पचास हजार रुपैयाँ) मुल्य अभिवृद्वि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारित भयो ।

(४) संचालक समितिको प्रस्ताव वमोजिम २५औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७३।०७४ को खुद नाफावाट चुक्ता पूँजीको २० (वीस) प्रतिशत नगद लाभांश वितरण गर्ने र सो लांभाश रकम कम्पनीको आ.व. २०७३।०७४ को लाभांश आम्दानीबाट वितरण गर्ने सर्वसम्मतिवाट पारित भयो ।

(५) विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुंदा सो शिर्षकमा कुनै निर्णय भएन ।

(ख) विशेष प्रस्ताव:

(५) कम्पनीका संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फवाट दुई संचालकहरुको प्रतिनिधित्व हुने गरी कम्पनीको नियमावलीको नियम १६(क)(ख)(ग) मा देहाय वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिवाट पारित भयो ।

**"१६. संचालक समितिको गठन, संख्या र कार्यकाल:**

(क) कम्पनीमा दुई जना स्वतन्त्र संचालकहरु सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी नौ जना संचालकहरु रहेको एक संचालक समिति हुनेछ ।

(अ) नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण र एनआईडिसी डेभलपमेन्ट बैंक रहेको "समूह क" वाट एक जना संचालक हुनेछ;

(आ) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस रहेको "समूह ख" वाट चार जना संचालकहरु हुनेछन् ;

(इ) सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरु रहेको "समूह ग" वाट एक जना महिला संचालक सहित दुई जना संचालकहरु हुनेछन् तर, महिला शेयरधनीको उमेद्वारी नपरेको खण्डमा अन्य उमेद्वारी दिने शेयरधनीहरुवाट निर्वाचित गरिनेछ ; र

(ई) दुई जना स्वतन्त्र संचालकहरु हुनेछन् ।

(ख) संचालकहरुको नियूक्ति शेयरधनीहरुको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(ग) उपनियम (ख) मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठुलो हिस्सा शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह ख को तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ र सांग्रिला इनर्जि लि.वाट मनोनित संचालकहरु मध्येवाट एक जना संचालकलाई संचालक समितिको अध्यक्षमा नियुक्त गरिने छ ।

उल्लेखित पारित विशेष प्रस्तावको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १ र अनुसूची २ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दाको अवस्थामा कुनै हेरफेर वा संशोधन गर्न आवश्यक भएमा सो गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गऱ्यो ।

## (छ) सभा विसर्जन:

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले २५औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २५औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २५औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको २.०० बजे विसर्जन भएको थियो ।

(हरि व. बुढाथोकी)
कम्पनी सचिव

(पद्म ज्योति)
अध्यक्ष

**अनुसूची १**
**बुटवल पावर कम्पनी लि.**
**नियमावलीमा संशोधनको तीन महले विशेष प्रस्ताव**
**(पारित मिति २०७५।२।८)**

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| **१६. संचालक समितिको गठन, संख्या र कार्यकाल:**<br>(क) कम्पनीको कार्य संचालनको निमित्त एक जना स्वतन्त्र संचालक सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी सात जना संचालकहरु रहेको एक संचालक समिति हुनेछ ।<br>(अ) नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण, एनआईडिसी डेभलपमेन्ट बैंक र अन्य संस्थापकहरु रहेको "समूह क" वाट एक जना संचालक ।<br>(आ) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस तथा सोवाट शेयर खरिद गर्ने शेयरधनीहरु रहेको "समूह ख" वाट चार जना संचालकहरु ।<br>(इ) सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरु रहेको "समूह ग" वाट एक जना संचालक, र<br>(ई) एक जना स्वतन्त्र संचालक ।<br>(ख) संचालकहरुको नियूक्ति शेयरधनीहरुको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।<br>(ग) उपनियम (ख)मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठुलो हिस्सा शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह ख को तर्फवाट | **१६. संचालक समितिको गठन, संख्या र कार्यकाल:**<br>(क) कम्पनीमा दुई जना स्वतन्त्र संचालकहरु सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी नौ जना संचालकहरु रहेको एक संचालक समिति हुनेछ ।<br>(अ) नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण र एनआईडिसी डेभलपमेन्ट बैंक रहेको "समूह क" वाट एक जना संचालक हुनेछ ;<br>(आ) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस रहेको "समूह ख" वाट चार जना संचालकहरु हुनेछन् ;<br>(इ) सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरु रहेको "समूह ग" वाट एक जना महिला संचालक सहित दुई जना संचालकहरु हुनेछन् । तर, महिला शेयरधनीको उमेद्वारी नपरेको खण्डमा अन्य उमेद्वारी दिने शेयरधनीहरुवाट निर्वाचित गरिनेछ ; र<br>(ई) दुई जना स्वतन्त्र संचालकहरु हुनेछन् ।<br>(ख) संचालकहरुको नियूक्ति शेयरधनीहरुको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।<br>(ग) उपनियम (ख) मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठुलो हिस्सा शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह | धितोपत्र बोर्डको निर्देशन अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुको संख्या दुई हुनु पर्ने भई सो व्यवस्था गर्नका लागि संचालक समितिको संरचना परिवर्तन गर्न वान्छनीय भएको । |

| | | |
|---|---|---|
| प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ । | ख को तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ र सांग्रिला इनर्जि लि.वाट मनोनित संचालकहरु मध्येवाट एक जना संचालकलाई संचालक समितिको अध्यक्षमा नियुक्त गरिने छ । | |

## अनुसूची २
## बुटवल पावर कम्पनी लि.
## नियमावलीमा संशोधन
## (पारित मिति २०७५।२।८)

**१. नियमावलीको नियम १६(क)(ख)(ग) लाई संशोधन गरी देहाय वमोजिम नियम १६(क)(ख)(ग) राख्ने:**

**"१६. संचालक समितिको गठन, संख्या र कार्यकाल:**

(क) कम्पनीमा दुई जना स्वतन्त्र संचालकहरु सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी नौ जना संचालकहरु रहेको एक संचालक समिति हुनेछ ।

(अ) नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण र एनआईडिसी डेभलपमेन्ट बैंक रहेको "समूह क" वाट एक जना संचालक हुनेछ ;

(आ) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस रहेको "समूह ख" वाट चार जना संचालकहरु हुनेछन् ;

(इ) सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरु रहेको "समूह ग" वाट एक जना महिला संचालक सहित दुई जना संचालकहरु हुनेछन् । तर, महिला शेयरधनीको उमेद्वारी नपरेको खण्डमा अन्य उमेद्वारी दिने शेयरधनीहरुवाट निर्वाचित गरिनेछ ।; र

(ई) दुई जना स्वतन्त्र संचालकहरु हुनेछन् ।

(ख) संचालकहरुको नियूक्ति शेयरधनीहरुको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका वनाउन सक्नेछ ।

(ग) उपनियम (ख) मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठूलो हिस्सा शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह ख को तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ र सांग्रिला इनर्जि लि.वाट मनोनित संचालकहरु मध्येवाट एक जना संचालकलाई संचालक समितिको अध्यक्षमा नियुक्त गरिने छ ।"